नलगाड नगरपालिका

# नलगाड राजपत्र

खण्ड : २ संख्या : ५ आषाढ ३२, २०७५


## भाग-१

**नलगाड नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालयको**

**सूचना**

नेपालको संविधान बमोजिम नलगाड नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नलगाड नगरपालिकाको संस्था दर्ता ऐन, २०७५

सम्वत् २०७६ सालको ऐन नं. ५

**प्रस्तावना :** नलगाड नगर क्षेत्रभित्र सामाजिक, धार्मिक, आर्थिक, साहित्यिक, बैज्ञानिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाबाट पारित गरि नगरपालिकाको संस्था दर्ता ऐन, २०७५ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम :** (१) यस ऐनको नाम नलगाड नगरपालिका संस्था दर्ता ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन नलगाड राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) ***"संस्था"*** भन्नाले सामाजिक, धार्मिक, आर्थिक, साहित्यिक, बैज्ञानिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास तथा विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघसंस्था, क्लव, मण्डल, परिषद, अध्ययन केन्द्र आदि सम्झनुपर्छ सो शब्दले मैत्री संघलाई समेत जनाउनेछ ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नलगाड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले नलगाड नगरपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले नलगाड नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ङ) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(च) "तोकिएको वा तोकिए" वमोजिम भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनुपर्छ ।

**३. दर्ता नगरी संघ संस्था खोल्न नहुने :** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संघ संस्था स्थापना गर्न हुदैन ।

**४. संस्थाको दर्ता :** संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुले देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित नगर कार्यपालिकाको कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको नाम:

(ख) उद्देश्यहरु:

(ग) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा:

(घ) आर्थिक श्रोत:

(ङ) कार्यालयको ठेगानाः

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँझबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिनभित्र त्यस्तो निर्णय उपर प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उजूर प्राप्त भएपछि प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ आदेश दिन सक्नेछ र त्यस्तो आदेश अनुसार संस्था दर्ता गरिदिनुपर्नेछ ।

(५) यस दफा अन्तरगत दिईने प्रमाणपत्रको ढाँचा अवधि नविकरण र नविकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने :** (१) यस ऐन अन्तरगत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारी स्वशासित र संगठित संस्था हुनेछन । सो संस्थाको सवैको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट उजुर गर्न र सम्पति बेचबिखन गर्न सक्नेछ ।

**६. संस्थाको सम्पति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विद्यमान बिरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा कब्जा गरेमा वा रोक्का राखेमा नगर कार्यपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरी नगर कार्यपालिकाले

गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोके बमोजिम पुनरावेदन दिन सक्नुनेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पति वा लिखित प्रतिष्ठा बिरुद्ध कुनै अपराध वा विराम गरेमा प्रमुखले कानून वमोजिम मुद्धाको कारवाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :** यो ऐन प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले सात दिन भित्र यो ऐन बमोजिम दर्ता गराउनुपर्नेछ ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेर :** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्था गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्ने संस्थाको विधान बमोजिम साधारण सभाबाट पारित भएको मानिनेछ तर सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ तर सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृत लिनुपर्नेछ ।

**९. हिसावको जाँच गर्न पठाउनुपर्ने :** प्रवन्ध समितिले सामाजिक परीक्षण गरी आफ्नो संस्थाको हिसावको विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष प्रमुख प्रशासकीय अधिकृत समक्ष पठाउनुपर्नेछ ।

**१०. हिसाव जाँच गर्ने :** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको अधिकृत वा कर्मचारीद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात

रकमको सय कडा पाँच प्रतिशतमा नबढाई आफुले निर्धाति गरेको दस्तुर असुल उपर गराउन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकेको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल उपर गर्न प्रचलित कानून वमोजिम कारवाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून वमोजिम मुद्दा चलाउन लगाउन सक्नेछ ।

**११. निर्देशन दिने :** (१) संघ, प्रदेश र नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :** (१) दफा (३) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिका सदस्यहरुलाई नगर कार्यपालिकाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले जनही दश हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई नगर कार्यपालिकाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले जनही तीन हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा ९ को व्यवस्था उल्लङघन हुन नदिन भग्मज्दुर प्रयत्न

गरेको थियो भन्ने कुरामा सन्तुष्ट हुने प्रमाण पेश गरेमा निजलाई सजायमा छुट गर्न सकिनेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृत वा कर्मचारीले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई नगर कार्यपालिकाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले एक हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिएमा संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा संघ वा प्रदेश सरकार वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा नगर कार्यपालिकाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

**१३. संस्थाको विघटन र त्यसको परिमाण :** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणले संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा नगर कार्यपालिकाको कार्यालयमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामे सम्म त्यस्तो दायित्व नगर कार्यपालिकाको कार्यालयले व्यहोर्नेछ ।

**१४. अधिकार प्रत्यायोजन :** यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम प्राप्त अधिकारहरु मध्ये पूर्ण वा आंशिक रुपमा कुनै अधिकार सम्बन्धित अधिकारीले एक तह मुनिका अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. नियमावली बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयनको गर्न नगर कार्यपालिकाले नियमावली बनाउन सक्नेछ ।

**१६. अन्य नेपाल कानून बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :** कुनै संस्थाको दर्ता

वा स्थापना गर्ने सम्बन्धमा प्रचलित संघीय तथा प्रादेशिक कानूनमा छुट्टै व्यवस्था भएमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही कानून बमोजिम दर्ता वा स्थापना हुनेछन ।

**१७. खारेजी र बचाउ :** (१) संघीय वा प्रादेशिक कानून सँग बाझिएको हदमा वाझिएका व्यवस्था स्वत खारेज भई उक्त व्यवस्था संघीय तथा प्रादेशिक वमोजिम हुनेछन ।

(२) संघीय तथा प्रादेशिक कानून सँग नवाझिएको हदसम्म संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भई नगरपालिकाको क्षेत्रभित्र कार्यक्षेत्र रहने गरी गठन सञ्चालनमा रहेका संघ संस्था यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

**आज्ञाले,**
**सुरेन्द्र सिंह**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**